नौमुले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले दैलेख

कर्णाली प्रदेश, नेपाल

## अल्ट्रासाउण्ड मेशिन (Ultrasound Mechine) खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित सूचना :- २०७८/०९/११)

यस कार्यालय अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र नौमूले दैलेखका लागि प्रोटेवल अल्ट्रासाउण्ड मेशिन (Ultrasound Mechine) आवश्यक भएको हुँदा शिलबन्दी दरभाउ पत्रका माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न इच्छुक रजिस्टर्ड कम्पनि, फर्म तथा सप्लायर्सहरुले निम्न शर्तहरुको अधिनमा रही अलग अलग शिलबन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र रु. १०००/-(फिर्ता नहुने) एनएमबी बैंकमा रहेको यस कार्यालयको बैंक हिसाब न. १०४००७१७१२४०००७५ (आन्तरिक राजश्व खाता) मा जम्मा गरी भौचर संलग्न गरी आ.व. ०७८/७९ का लागि नविकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. ०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्र सहित कागजातहरुका प्रतिलिपिहरु संलग्न राखी शिलबन्दी दरभाउदाता वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम खरिदका लागि यस कार्यलयमा निवेदन पेश गर्नु पर्नेछ ।

२। प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र दरभाउपत्र फाराम शिलबन्दी गरी रीतपुर्वक यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

३। दर्ता शिलबन्दी दरभाउ फारामहरु सोहि दिनको १:०० बजे भित्र दरभाउदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउ खोल्न बाधा पर्ने छैन ।

४। शिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम तपसिलका दरले नौमूले गाउँ कार्यपालिकाको कार्यालयको नाममा (एनएमवि बैंकमा) रहेको धरौटी खाता नं. १०४००७१७१२४०००३१ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको क वर्गको मान्यता प्राप्त वाणिज्य बैंक ग्यारेन्टी पत्र शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र स्वीकृत अंकको ५% (पांच प्रतिशत) बराबरको धरौटी रकम बैंक खातामा दाखिला गरि भौचर वा कार्यालयको नाममा जारी भएको बैंक जमानत शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५। दर्ता हुन आएका शिलबन्दी दरभाउ पत्रहरु स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार तथा सामान्य त्रुटी सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ । शर्त राखी पेश गरेको दरभाउपत्र मान्य हुने छैन ।

६। स्वीकृत शिलबन्दी दरभाउपत्र अनुसारको सामान एकमुस्ट वा आवश्यकता अनुसार खरिद गरिनेछ ।

७। रीत नपुगेको दरभाउ पत्रमाथि कुनै कार्वाही गरिने छैन ।

८। दरभाउ पत्र स्वीकृत भए पछी सम्झौता बमोजिम कार्यलयले तोकेको समय अवधि भित्र सामान सप्लाई गर्नु पर्नेछ र सामानको केही अंश वा सम्पूर्ण सामान नै बुझाउन नसकेमा सार्वजनिक खरिद नियम बमोजिम कार्वाही हुनेछ । सम्पूर्ण करहरु र कार्यालय सम्म ढुवानी गर्दा लाग्ने खर्च शिलबन्दी दरभाउ पत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

९। शिलबन्दी दरभाउ पत्रका सम्बन्धमा अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

१०। सामानहरु गुणस्तर युक्त र नेपाल सरकारबाट बन्देज नलगाइएको हुनुपर्ने साथै टुटेफुटेका, लेबल स्पष्ट नभएकालाई मान्यता दिइने छैन ।

११। यस सुचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद एन, २०६३ तथा नियमावली, २०६४ अनुसार हुनेछ ।

तपसिल :-

| ठेक्का न. | विवरण | लागत अनुमान (मू.अ.कर सहित) | जमानत धरौटी रकम रु. |
|---|---|---|---|
| ०२-०७८/७९(स्वास्थ्य) | अल्ट्रासाउण्ड मेशिन (Ultrasound Mechine) खरिद तथा जडान कार्य | ८५००००/-(आठ लाख पचास हजार मात्र) | ४२५००/-(बयालीस हजार पांच सय मात्र) |

..............................

भुपेन्द्र शाही

निमित्त प्रमुख प्रशासकीय अधिकृत